# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०८१।०६।१० गते।

## प्रेस विज्ञप्ति

**विषयः** प्रतिवादी राजकुमार श्रीवास्तवसमेत रहेको भ्रष्टाचार मुद्दामा विशेष अदालतबाट भएको फैसलाउपर आयोगलाई चित्त नबुझी सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएको।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाटः-

**प्रतिवादीहरु राजकुमार श्रीवास्तव र पाण्डव प्रसाद देव**लाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को खण्ड (ग) बमोजिमको कसुरमा सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम बिगो रु.३,६५,०९,४५६।३४ (तीन करोड पैसठ्ठी लाख नौ हजार चार सय छपन्न रुपैया र पैसा चौतीस) कायम गरी सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम सजाय हुन र ऐ.ऐ. ऐनको दफा ८ को उपदफा (१) बमोजिम हानी नोक्सानी भएको बिगोसमेत असुल उपर हुन,

**प्रतिवादीहरू रवि सिंह र मदन कुमार अधिकारी**लाई रु.३,६५,०९,४५६।३४ (तीन करोड पैसठ्ठी लाख नौ हजार चार सय छपन्न रुपैया र पैसा चौतीस) बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिम कसुरमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिम सजाय हुन र ऐ.ऐ. ऐनको दफा ८ को उपदफा (४) बमोजिम उक्त बिगो असुल उपर गरी जफत हुन,

**प्रतिवादी सन्तोष प्रधान (शाही)** लाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिम कसुरको मतियार हुने कसुरमा बिगो रु. ३,६५,०९,४५६।३४ (तीन करोड पैसठ्ठी लाख नौ हजार चार सय छपन्न रुपैया र पैसा चौतीस) कायम गरी सोही ऐनको दफा २२ को प्रतिबन्धात्मक वाक्यांश बमोजिम ऐ.ऐ. ऐनको दफा ८ को उपदफा (४) बमोजिम सजाय हुन,

मागदाबी लिई विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएकोमा

विशेष अदालतको मिति २०८०/०९/२५ को फैसलाबाट निम्न आधारमा सफाई दिएकोः-

- प्रतिवादीहरूले मौका देखि अदालत सम्म बयान गर्दा आरोपित कसूरमा ईन्कार गरेको र उक्त इन्कारीलाई बयान सम्बद्ध प्रमाणबाट समर्थित रहेको।
- आयोजना शुरू भएको ६ बर्ष पछि मात्र परीक्षण गर्दा फरक गुणस्तर आउने कार्यलाई अस्वभाविक मान्न मिलेन।
- प्रतिवादीले बदनियतसाथ काम गरेका हुन भनी अभियोजन पक्षले बस्तुनिष्ठ प्रमाणबाट प्रमाणित गर्न नसकेको।

विशेष अदालतको उपरोक्त फैसलाउपर आयोगलाई चित्त नबुझी देहायबमोजिमका आधार लिई सम्मानित सर्वोच्च अदालतमा मिति २०८१।०६।१० मा पुनरावेदन गरिएको छः-

**देहायः**

क) इज्जिनियर पाण्डव देवले मौकामा बयान गर्दा निर्माण कार्यमा प्रयोग भएका ग्याबिनको परीक्षण गरेको भनी जिकिर लिन नसकेको र पुरानो जालीको न्युनतम मान पुरा नभएको कारण सम्पूर्ण जाली हटाई नयाँ जालीबाट निर्माण व्यवसायीबाट काम गराउने भनी बयान गरेबाट कम गुणस्तर काम गरेको स्वीकारेको, आयोजना प्रमुख राजकुमार श्रीवास्तवले समेत बयानमा आयोजनाको स्टड (Stud) को काम स्वीकृत डिजाईन,ड्रईङ बमोजिम नभएको कारण River को Flow अनुसार फरक परेको हो। आयोजनामा प्रयोग भएको ग्याविन कम गुणस्तरको प्रयोग गरेको भन्नेमा अन्यथा भन्न नसकेका। जे.भि.पार्टनर रबि सिंहले मौकामा बयान गर्दा GI wive को परीक्षण गरी तारको गुणस्तर सुनिश्चितता गर्ने दायित्व निर्माण कम्पनिको भएको र यसमा भएको त्रुटिहरु सुधार्ने प्रतिबद्धता जाहेर गरी बयान गरेबाट समेत निर्माण कार्य कम गुणस्तरको भएको भन्ने पुष्टि हुन आएको । जे.भि पार्टनर उक्त आयोजनाबाट प्राप्त हुने मुनाफाको

साझेदार भएको र कम्पनिले गरेको कार्यको दायित्वबाट पन्छिन सक्ने अवस्था समेत नरहेको ।महादेव खिम्ती-मैनाचुली जे.भी.पुतलीसडक काठमाण्डौका प्रतिनिधि सन्तोष प्रधान शाहीले आफू उल्लेखित कम्पनिको प्रतिनिधीको रूपमा रहेको स्वीकार गरी बयान गरेको। कार्य जिम्मेवारी स्वीकार गरेको अवस्थामा अदालतमा उपस्थित भई कसूर गरेको ईन्कार गरेको आधारमा सफाई हुने अवस्था नदेखिदा यी प्रतिबादीहरूलाई सफाई दिई भएको फैसला त्रुटिपूर्ण रहेको।

ख) वागमती तथा लालबकैया नदी नियन्त्रण आयोजना परवानीपुर बाराका आयोजना प्रमुख राजकुमार श्रीवास्तव र इन्जिनियर पाण्डव प्रसाद देवले stud निर्माणमा प्रयोग भएको ग्यावियन तारको गुणस्तर परीक्षण गरी स्पेसिफिकेशन बमोजिमको गुणस्तर यकिन गरेर मात्र ग्यावियन तार प्रयोग गराउनु पर्नेमा प्रथम रनिङ्ग विल देखि सातौ रनिङ्ग विलसम्मका सातवटा विलहरुको भुक्तानी गर्दा कुनै परीक्षण नै नगरी Stud निर्माणमा प्रयोग भएको गुणस्तरहीन ग्यावियन तारलाई स्वीकृत स्पेशिफिकेशन बमोजिम गुणस्तरयुक्त छ भनी बील स्वीकृत गरी भुक्तानी गराएको र निर्धारित शर्त र सम्झौता विपरीत कम गुणस्तरको ग्यावियन तारबाट निर्मित Stud हरुलाई गुणस्तरयुक्त भनी भुक्तानी लिने महादेव खिम्ति/मैनाचुली जे.भी.का मुख्य पार्टनर महादेव खिम्ति निर्माण सेवा प्रा.लि.का मेनेजिङ्ग डाईरेक्टर प्रतिवादी रवि सिंहले निर्माण कार्यमा कम गुणस्तरको ग्यावियन तारबाट निर्मित Studलाई गुणस्तरयुक्त भनी लाभ लिने कार्य गरेको । महादेव खिम्ति/मैनाचुली जे.भी.का आधिकारीक प्रतिनिधी सन्तोष प्रधान (शाही) ले निर्धारित शर्त र सम्झौता विपरीत कम गुणस्तरको Stud निर्माण गरी निर्मित Stud हरुलाई गुणस्तरयुक्त भनी महादेव खिम्ति/मैनाचुली जे.भी.का तर्फबाट तयार भएको बिल बमोजिमको रकम बुझ्ने लगायत सम्बद्ध कागजातहरुमा दस्तखत गरी भ्रष्टाचार गरेको पुष्टि भएको।

ग) प्रतिबादीहरूले मौकामा बयान गर्दा समेत निर्माण कार्यको गुणस्तर नभएको भन्ने स्वीकार गरी बयान गरेको र सम्मानित अदालतबाट समेत उक्त निर्माण कार्य कम गुणस्तर भएको भन्ने आधार लिदा समेत स्वीकार गरी फैसला भएको ।नेपाल गुणस्तर तथा नापतौल बिभागको पत्रसाथ प्राप्त परीक्षण प्रतिबेदनमा समग्र stud निर्माणमा प्रयोग भएको ग्याबिन तार स्पेसिफिकेशन बमोजिमको गुणस्तर नभएको उल्लेख गरी परीक्षण प्रतिबेदन दिएको देखिएको।प्राबिधिक परीक्षणबाट समेत प्रयोग भएका ग्याविन तार गुणस्तर नभएको भनी दिएको प्रतिबेदनबाट समेत पुष्टि हुँदा हुँदै आयोजना शुरू भएको ६ बर्ष पछि मात्र परीक्षण गर्दा फरक गुणस्तर आउने कार्यलाई अस्वभाविक मान्न मिलेन भन्ने अनुमानको भरमा परीक्षण प्रतिबेदनलाई अनदेखा गरी भएको फैसला त्रुटिपूर्ण रही बदरभागी रहेको।

सहायक प्रवक्ता
देवी प्रसाद थपलिया

देहायः

| सि.नं. | प्रतिवादीहरु | मुद्दा | आयोगको मागदावी | विशेष अदालतको फैसला र आधार | आयोगबाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | राजकुमार श्रीवास्तव,<br>पाण्डव प्रसाद देव,<br>रबि सिंह,<br>मदन कुमार अधिकारी र<br>सन्तोष प्रधान<br>(विशेष अदालतको मुद्दा नं. ०७७-CR-००५९ र फैसला मिति २०८०/०९/२५ | सरकारी रकम हानी नोक्सानी गरी भ्रष्चार गरेको। | पाण्डव प्रसाद देव र राजकुमार श्रीवास्तवलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को खण्ड (ग) बमोजिमको कसुरमा सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम बिगो रु.३,६५,०९,४५६।३४ (तीन करोड पैसठ्ठी लाख नौ हजार चार सय छपन्न रुपैया र पैसा चौतिस) कायम गरी सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम सजाय हुन र ऐ.ऐ. ऐनको दफा ८ को उपदफा (१) बमोजिम हानी नोक्सानी भएको बिगो निजहरुबाट असुलउपर हुन माग दाबी लिईएको ।<br>प्रतिबादीहरू रवि सिंह र मदन कुमार अधिकारीलाई रु.३,६५,०९,४५६।३४ (तीन करोड पैसठ्ठी लाख नौ हजार चार सय छपन्न रुपैया र पैसा चौतिस) विगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिम कसुरमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को | **फैसलाः**<br>प्रतिवादी राजकुमार श्रीवास्तव,पाण्डव प्रसाद देव, रबि सिंह ,मदन कुमार अधिकारी र सन्तोष प्रधानले आरोपीत कसूरवाट सफाई पाउने ठहर गरी फैसला भएको।<br>**विशेष अदालतले फैसला गर्दा लिएका आधारः**<br>क) प्रतिबादीहरूले मौकादेखि अदालत सम्म बयान गर्दा आरोपित कसूर गरेकोमा ईन्कार गरेका र उक्त ईन्कारीलाई बयान सम्बद्ध प्रमाणबाट समर्थित रहेको<br>ख) आयोजना शुरू भएको ६ बर्ष पछि मात्र परीक्षण गर्दा फरक गुणस्तर आउने कार्यलाई अस्वभाविक मान्न मिलेन<br>ग) अभियोजन पक्षले प्रतिबादीहरूले बदनियतसाथ काम गरेका हुन भनी बस्तुनिष्ठ प्रमाणबाट प्रमाणित गर्न नसकेको । | **उल्लिखित आधारहरुलिई विशेष अदालत काठमाण्डौबाट प्रतिवादीहरूलाई आरोप मागदावीबाट सफाई दिने गरी भएको फैसला देहायका आधार, कारणहरुबाट सो हदसम्म बदरबागी रहेको छ**<br>घ) बागमती तथा लालबकैया नदी नियन्त्रण आयोजना, परवानीपुर, बारा लालबकैया नदीको किनारमा निर्माण भएको ठेक्का नं. I-N/LBK-II/L-STD/P-६६/२०१२-१३को सम्झौता मिति २०७०/११/१४ मा महादेव खिम्ती/ मैनाचुली जे.भी.सङ्ग भएको देखिन्छ। मिति २०७२/०२/१२ मा काम सम्पन्न गर्ने गरी सम्झौता भएको भए पनि मिति २०७७/०२/२२ सम्म म्याद थप भएको देखिन्छ।बोलपत्रदाता महादेव खिम्ती/मैनाचुली जे.भी.को रु.३,६८,११,८५७।६३ (मु.अ.कर बाहेक)मा स्वीकृत भएकोमा हालसम्म प्रथम रनिङ्ग विल देखि सातौं रनिङ्ग बिलसम्म गरी रु.३,६५,०९,४५६।३४(मु.अ.कर समेत) उक्त जे.भी.लाई भुक्तानी भएको तथा सम्झौता बमोजिम निर्माण गर्नुपर्ने १६ वटा Stud हरु मध्ये १५ वटा Stud हरुको निर्माण भएको देखिएको।<br>ङ) प्रस्तुत वारदातमा ईज्जिनियर पाण्डव देवले मौकामा बयान गर्दा निर्माण कार्यमा प्रयोग भएका ग्याबिनको परीक्षण गरेको भनी जिकिर लिन नसकेको र पुरानो जालीको न्युनतम मान पुरा नभएको कारण सम्पूर्ण जाली हटाई नयाँ जालीबाट निर्माण व्यवसायीबाट काम गराउने भनी बयान गरेबाट कम गुणस्तर काम गरेकोमा स्वीकार गरेका छन ।आयोजना प्रमुख राजकुमार श्रीवास्तवले समेत बयानमा आयोजनाको स्टडको काम स्वीकृत डिजाईन,ड्रईङ बमोजिम नभएको कारण River को Flow अनुसार फरक परेको हो ।आयोजनामा प्रयोग भएको ग्याविन कम गुणस्तरको प्रयोग गरेको भन्नेमा अन्यथा भन्न सकेका छैनन । जे.भि.पार्टनर रबि सिंहले मौकामा बयान गर्दा GI wive को परीक्षण गरी तारको गुणस्तर सुनिश्चितता गर्ने दायित्व निर्माण कम्पनिको भएको यसमा भएको त्रुटिहरु सुधार्ने प्रतिबद्धता जाहेर गरी बयान गरेबाट समेत निर्माण कार्य कम गुणस्तरको भएको भन्ने पुष्टि हुन आउछ ।अर्का प्रतिबादी जे.भि. का पार्टनर साझेदार मदन अधिकारीले उक्त निर्माणको बारेमा थाहा जानकारी नभएको भनी ईन्कारी बयान गरेपनि जे.भि पार्टनर भएको कुरामा ईन्कार रहेको देखिदैन ।आफु साझेदार रहेको कम्पनिबाट भए गरेका कार्यहरूको दायित्वबाट उन्मुक्ति पाउने यी प्रतिबादीमा रहन सक्दैन ।उक्त आयोजनाबाट प्राप्त हुने मुनाफा साझेदार भएको हुँदा प्राप्त गर्ने र उक्त कम्पनिले गरेको कार्यको दायित्वबाट पन्छिन सक्ने अवस्था समेत रहदैन ।महादेव खिम्ती- मैनाचुली |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | उपदफा (४) बमोजिम सजाय हुन र ऐ.ऐ. ऐनको दफा ८ को उपदफा (४) बमोजिम उक्त विगो असुल उपर गरी जफत हुन माग दाबी लिईएको छ ।<br>प्रतिबादी सन्तोष प्रधान (शाही) का हकमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिम कसुरको मतियार हुने कसुरमा विगो रु. ३,६५,०९,४५६।३४ (तीन करोड पैसठ्ठी लाख नौ हजार चार सय छपन्न रुपैया र पैसा चौतिस) कायम गरी सोही ऐनको दफा २२ को प्रतिबन्धात्मक वाक्यांश बमोजिम ऐ.ऐ. ऐनको दफा ८ को उपदफा (४) बमोजिम सजाय हुन माग दाबी लिईएको छ । | | जे.भी.पुतलीसडक काठमाण्डौका प्रतिनिधि सन्तोष प्रधान शाहीले बयान गर्दा ईन्कार गरी बयान गरेपनि निज आफु उल्लेखित कम्पनिको प्रतिनिधीको रूपमा रहेको स्वीकार गरी बयान गरेको देखिन्छ । उल्लेखित प्रतिबादीहरूले अदालतमा उपस्थित भई बयान गर्दा भ्ष्ट्राचारको कसूरमा ईन्कारी गरी बयान गरेपनि उक्त साविकको ड्र्इङ,डिजाईनमा परिवर्तन गरेको,गुणस्तर परीक्षण नभएको ,प्रयोग भएको जाली गुणस्तरयुक्त नभएको, नयाँ जाली प्रयोग गर्न लगाउने कुरा जाहेर गरेकोले उक्त योजनामा कार्यको जिम्मेवारी स्वीकार गरेकै देखिन्छ। कार्य जिम्मेवारी स्वीकार गरेको अवस्थामा अदालतमा उपस्थित भई कसूर गरेको ईन्कार गरेको आधारमा सफाई हुने अवस्था नदेखिदा यी प्रतिबादीहरूलाई सफाई दिई भएको फैसला त्रुटिपूर्ण।<br>च) प्रतिबादीहरू ईन्जिनियर पाण्डव प्रसाद देव र राजकुमार श्रीवास्तबले बागमती तथा लालबकैया नदी नियन्त्रण आयोजना, परवानीपुर, बारा अन्तर्गत लालबकैया नदीको बाँया किनारमा निर्माण भएको ठेक्का नं. I-N/LBK-II/L-STD/P-६६/२०१२-१३अन्तर्गत १५(पन्ध्र) वटा Stud निर्माणमा प्रयोग भएको ग्याबियन तारको जिङ्क लेपन (Mass of Zinc Coating)र तन्काई (Elongation) परीक्षण गर्दा सम्झौता तथा स्वीकृत स्पेसिफिकेशनमा उल्लेख भएको भन्दा न्यून पाईएकोले Stud निर्माण कार्यनै गुणस्तरहीन भएको कारण १५(पन्ध्र) वटा Studहरु निर्माणको लागि भुक्तानी भएको रु.३,६५,०९,४५६।३४ रकम हानी नोक्सानी भएको पुष्टि हुन आएकोले राष्ट्रसेवकको रुपमा बागमती तथा लालबकैया नदी नियन्त्रण आयोजना, परवानीपुर, बाराका ईन्जिनियर पाण्डव प्रसाद देवले stud निर्माणमा प्रयोग भएको ग्याबियन तारको गुणस्तरपरीक्षण गरी स्पेसिफिकेशन बमोजिमको गुणस्तर यकिन गरेर मात्र प्रयोग गर्नु पर्नेमा कुनै परीक्षण नै नगरी Stud निर्माणमा प्रयोग भएको गुणस्तरहीन ग्याबियन तारलाई स्वीकृत स्पेशिफिकेशन बमोजिम गुणस्तरयुक्त भएको हो भनी प्रथम देखि सातौ विल तयार गरी भुक्तानीका लागि सिफारिस गरी नेपाल सरकारलाई हानी नोक्सानी पुर्याउने गरी निर्माण व्यवसायी महादेव खिम्ति/मैनाचुली जे.भी. पुतलीसडक, काठमाण्डौबाट भएको गुणस्तरहीन Studनिर्माण कार्यलाई निर्धारित गुणस्तर तथा मापदण्ड बमोजिम भएको भनी भुक्तानी गरेको तथ्य पुष्टि भएको छ ।<br>छ) आयोजना प्रमुख राजकुमार श्रीवास्तवले stud निर्माणमा प्रयोग भएको ग्याबियन तारको गुणस्तर परीक्षण गरी स्पेसिफिकेशन बमोजिमको गुणस्तर यकिन गरेर मात्र ग्याबियन तार प्रयोग गराउनु पर्नेमा प्रथम रनिङ्ग विल देखि सातौ रनिङ्ग विल सम्मका सातवटा विलहरुको भुक्तानी गर्दा कुनै परीक्षण नै नगरी Stud निर्माणमा प्रयोग भएको गुणस्तरहीन ग्याबियन तारलाई स्वीकृत स्पेशिफिकेशन बमोजिम गुणस्तरयुक्त छ भनी बील स्वीकृत |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | गरी भुक्तानी गराएको हुँदा र प्रतिबादीहरू निर्धारित शर्त र सम्झौता विपरीत कम गुणस्तरको Stud निर्माण गरी कम गुणस्तरको ग्यावियन तारबाट निर्मित Stud हरुलाई गुणस्तरयुक्त भनी भुक्तानी लिने महादेव खिम्ति/मैनाचुली जे.भी.का मुख्य पार्टनर महादेव खिम्ति निर्माण सेवा प्रा.लि.का मेनेजिङ्ग डाइरेक्टर रवि सिंह र सोही निर्माण कार्यमा कम गुणस्तरको ग्यावियन तारबाट निर्मित Studलाई गुणस्तरयुक्त भनी लाभ लिने कार्य गरेको छ । महादेव खिम्ति/मैनाचुली जे.भी.का आधिकारीक प्रतिनिधी सन्तोष प्रधान (शाही) ले निर्धारित शर्त र सम्झौता विपरीत कम गुणस्तरको Stud निर्माण गरी कम गुणस्तरको ग्यावियन तारबाट निर्मित Stud हरुलाई गुणस्तरयुक्त भनी महादेव खिम्ति/मैनाचुली जे.भी.का तर्फबाट तयार भएको बिल बमोजिमको रकम बुझ्ने लगायत सम्बद्ध कागजातहरुमा दस्तखत गरी भ्रष्टाचार गरेको पुष्टि भएको छ ।<br>ज) प्रतिबादीहरूले मौकामा बयान गर्दा समेत निर्माण कार्यको गुणस्तर नभएको भन्ने स्वीकार गरी बयान गरेको र सम्मानित अदालतबाट समेत उक्त निर्माण कार्य कम गुणस्तर भएको भन्ने आधार लिदा समेत स्वीकार गरि फैसला भएको छ ।नेपाल गुणस्तर तथा नापतौल बिभागबाट मिति २०७६\०६\२८ ,२०७६\११\०४ को पत्रसाथ प्राप्त परीक्षण प्रतिबेदनमा कुल १९ वटा ग्याबिन तार र १ Wire Net गरी कुल २० वटा ग्याबिन तारको नमुनाहरूको परीक्षण गर्दा नेपाल गुणस्तर तथा नापतौल बिभागबाट प्राप्त गुणस्तर परीक्षण नतिजाबाट चेनेज ९+००० ( देवाही ) बाट संकलित ३ वटा नमुनाहरूको तन्काई ( Elongation ) स्पेशिफिकेशनले निर्धारण गरेको न्युनतम मान १२% भन्दा बढी देखिएतापनि बाँकी १६ वटा नमुनाहरूको मान १२% भन्दा कम देखिएको र १ वटा नमुनाको जिंक लेपन (Mass of Zine Coating ) स्पेशिफिकेशन निर्धारण गरेको न्युनतम मान १२८.२५ gm\sq.m भन्दा बढी नै देखिएतापनि अन्य १९ वटा नमुनाहरूको मान १२८.२५gm\sq.m भन्दा कम देखिएको हुँदा समग्र stud निर्माणमा प्रयोग भएको ग्याबिन तार स्पेसिफिकेशन बमोजिमको गुणस्तर नभएको उल्लेख गरी परीक्षण प्रतिबेदन दिएको देखिन्छ । यसरी प्राबिधिक परीक्षणबाट समेत प्रयोग भएका ग्याविन तार गुणस्तर नभएको भनी दिएको रिपोर्ट प्रतिबेदनबाट समेत यी प्रतिबादीहरूले कम गुणस्तरको ग्याबिन प्रयोग गरी भष्ट्राचार गरेको भन्ने पुष्टि हुँदा हुँदै आयोजना शुरू भएको ६ बर्ष पछि मात्र परीक्षण गर्दा फरक गुणस्तर आउने कार्यलाई अस्वभाविक मान्न मिलेन भन्ने अनुमानको भरमा परीक्षण प्रतिबेदनलाई अनदेखा गरी भएको फैसला त्रुटिपूर्ण रही बदरभागी रहेको छ । ।<br>झ) सम्मानित अदालतबाट फैसला हुँदा प्रतिबादीहरूको बदनियत पुष्टि हुन नसकेको भन्ने सन्दर्भ छ बदनियत बस्तुगत रूपमा तथ्यगत आधारमा ( objective factual |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | circumstance ) देख्न सकिन्छ । ठेकदार ,परियोजना प्रबन्धक वा अन्य सम्लग्न व्यक्तिहरूले अनुचित आर्थिक लाभ वा व्यक्तिगत लाभ लिएको भएमा बदनियतको शंकेत हो । उदारणको लागि निर्माण सामाग्रीको गुणस्तर घटाएर लागत बचत गराएर आफ्नो व्यक्तिगत फाईदाको लागि पैसा बचत गर्छ । यसरी हेर्दा यी ब्यक्तिहरूले जानी जानी न्यून गुणस्तरको ग्याबिन जाली प्रयोग गरेको देखिदा बदनियत प्रष्ट देखिन्छ । गुणस्तरहिन ग्याबिनको प्रयोगबाट लागत घटाउने उदेश्य रहने हुँदा यो स्पष्ट रूपमा बदनियत प्रमाणित हुन्छ ।जिम्मेवार ब्यक्तिहरुले सस्तो वा कम गुणस्तरको सामाग्री प्रयोग गरेर अतिरिक्त फाईदा लिन खोज्नु नै बदनियत पुष्टि हुने आधार हो ।सम्मानित सर्वोच्च अदालतबाट सार्जन पाण्डे समेत विरूद्ध नेपाल सरकार भएको मुद्दा, सर्वोच्च अदालत बुलेटिन, २०६६ मंसिर १, पूर्णाङ्क ४१७, पृष्ठ १९ र२० मा "सरकारी वा सार्वजनिक सम्पत्ति हिनामिना वा दुरुपयोग भएको कुरा उसको व्यवहार (By conduct) बाट देखिने हुन्छ । By conduct अर्थात् कार्य तत्वले नै बदनियत तत्व र मनसाय तत्व पत्ता लाग्छ" भनि सिद्धान्त प्रतिपादन भएको छ । यसरी प्रतिबादीहरूको एक आपसको मिलोमतोमा निर्माणस्थलमा प्रयोग हुने ग्याबिन न्युन गुणस्तरको प्रयोग गरी ठेकदार कम्पनिलाई फाईदा हुने र नेपाल सरकारलाई हानी पुराउने कार्य गरेको पुष्टि हुँदा प्रतिबादीहरूको कार्यले नै बदनियत पुष्टि भएको अवस्थामा बदनियत पुष्टि हुन नसकेको भनी प्रतिबादीहरूलाई सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण भई बदरभागी रहेको। |